लोक सेवा आयोग

**नेपाल नागरिक उड्डयन प्राधिकरण, प्राविधिक, ई. एण्ड टे.कम. इन्जिनियरिङ/सिभिल इन्जिनियरिङ/मेकानिकल इन्जिनियरिङ/आई.टी./एयर ट्राफिक सर्भिसेस/एभिएशन फायर सर्भिसेस/एयरवर्दिनेश/फ्ला.अ.स., सातौं, वरिष्ठ अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

२०८२।०३।२१

पत्र : प्रथम

समय : २ घण्टा १५ मिनेट                                                        पूर्णाङ्क : १००

**विषय : सामान्य ज्ञान, बौद्धिक परीक्षण, अंग्रेजी भाषा क्षमता परीक्षण र व्यवस्थापन**

---

**विषयगत**                                                        **समयः १ घण्टा ३० मिनेट**

**५० अङ्क**

१. अधिकार प्रत्यायोजन र अधिकार निक्षेपणमा रहेका भिन्नताहरू उदाहरणसहित प्रष्ट पार्नुहोस् । ५

२. प्रशासनिक निर्णय गर्दा कुन कुन विषयमा विचार पुऱ्याउनुपर्छ? चर्चा गर्नुहोस् । ५

३. संगठनमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन किन गरिन्छ? स्पष्ट पार्दै कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् । २+३=५

४. समय व्यवस्थापनको महत्त्व चर्चा गर्दै आफ्नो समयलाई प्रभावकारी रूपले व्यवस्थापन गर्न के के गर्नु पर्दछ? स्पष्ट गर्नुहोस् । २+३=५

५. पर्यटन नीति, २०६५ का उद्देश्यहरू के के छन्? चर्चा गर्नुहोस् । ५

६. सार्वजनिक खरिद ऐन, २०६३ ले मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्दा सार्वजनिक निकायले कुन कुन विधि अपनाउन सक्ने व्यवस्था गरेको छ? उल्लेख गर्नुहोस् । ५

७. सार्वजनिक सेवा प्रवाहका माध्यमहरू उल्लेख गर्नुहोस् । साथै, नेपालमा सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याहरू औंल्याउदै सेवा प्रभावकारी तुल्याउने उपायहरू प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

८. "संगठनको विकासका लागि द्वन्द्व अपरिहार्य छ ।" तपाईं यस भनाइसँग सहमत हुनुहुन्छ वा हुनुहुन्न? तर्क दिनुहोस् । संगठनमा द्वन्द्व हुनुका कारणहरू स्पष्ट गर्दै द्वन्द्व समाधानका लागि के गर्नुपर्ला? सुझाव प्रस्तुत गर्नुहोस् । ३+३+४=१०

:: समाप्त ::